कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)

# करिडोर कार्यालय, जाजरकोट

IFAD
Investing in rural people

### साना तथा मझौलास्तर कृषि सामग्री उत्पादन तथा बजारीकरणको लागि (MSMEs) WINDOW-3 अन्तर्गत सह-लगानी कार्यक्रममा निवेदन पेश गर्ने सूचना

(सूचना प्रकाशित मिति: २०८३/०६/२७ गते)

उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), करिडोर कार्यालय, जाजरकोटको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम लागू भएका स्थानीय तहहरूमा बजारकेन्द्रित पर्यावरणीय कृषि (Agroecological Production) उत्पादनको लागि **साना तथा मझौलास्तर कृषि सामग्री उत्पादन, प्रशोधन तथा बजारीकरण सुदृढीकरणका लागि सह-लगानी कार्यक्रममा** इच्छुक निजी फर्म, कृषि उद्यमी, समूह/सहकारी, प्रशोधनकर्ता, कृषि सामग्री/जैविक मल तथा विषादी उत्पादक, नर्सरी सञ्चालक, भण्डारण तथा बजारीकरण व्यवसायीहरुबाट यस कार्यालयको वेबसाइट https://rhvapjajarkot.karnali.gov.np को अनुदान व्यवस्थापन सफ्टवेयर (Subsidy Management Software) मार्फत वा यस कार्यालयमा तोकिएको निवेदन अनुसूची ढाँचा अनुसार निवेदन पेश गर्नु हुन अनुरोध छ।

**१. WINDOW-3 का लागि सह-लगानी उपलब्ध गराइने मुख्य क्षेत्रहरू:**

- स्थानीय जैविक मल तथा जैविक विषादी (Bio-fertilizer & Bio-pesticide) उत्पादन केन्द्र स्थापना वा स्तरोन्नति।
- उन्नत/स्थानीय जैविक बीउबिजन, बिउका नर्सरी, कृषि तथा पशुपन्छी स्रोत केन्द्र (Resource Centre) स्थापना।
- साना प्रशोधन उद्योग (Processing Units), ग्रेडिङ तथा प्याकेजिङ सुविधाहरू।
- नवीकरणीय ऊर्जा (Solar/Biogas) आधारित कृषि औजार तथा प्रविधि।
- कृषि उपजको बजारीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण (Organic/PGS Certification)।

**२. आवेदकको योग्यता तथा सुविधाहरू:**

- उत्पादन, प्रशोधन, तथा बजारीकरणका लागि सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव भएको।
- आवेदक MSMEs ले प्रत्येक रु. १,००० अमेरिकी डलर अनुदान बराबर कम्तिमा ४ वटा साना कृषक घरधुरीहरूलाई सेवा प्रदान गर्ने वा उनीहरूको उत्पादन खरिद/बजारीकरण सुदृढ गर्ने कार्ययोजना।
- निवेदन वर्षभरि खुला रहनेछ। निवेदन दिन कुनै शुल्क/राजस्व लाग्ने छैन। एक पटक निवेदन दिइसकेको साना तथा मझौला उद्यमले सोही कार्यक्रमका लागि पुनः निवेदन दिनुपर्ने छैन।

**३. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:**

- संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (Certificate of registration) ।
- प्रबन्धपत्र र नियमावली (कम्पनीको हकमा) ।
- स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (Tax clearance letter) र लेखापरीक्षण प्रतिवेदन ।
- MSMEs को आधिकारिक संस्थागत निर्णय ।

- कालोसूचीमा नपरेको स्व-घोषणा पत्र ।
- स्वलगानी गर्ने स्रोत र प्रतिबद्धता पत्र ।
- सञ्चालकको नागरिकताको प्रतिलिपि ।
- पूर्वाधार निर्माणको हकमा व्यवसाय सञ्चालन भइरहेको वा गरिने ठाउँको जमिन सम्बन्धित फर्म, कम्पनी वा उद्योगको नाममा रहेको जग्गाधनी प्रमाणपुर्जा ।
- विगत ३ वर्षमा कुनै पनि सरकारी वा गैर-सरकारी निकायबाट सोही कार्य/गतिविधिका लागि सह-लगानी वा अनुदान नलिएको स्वघोषणा तथा प्रतिबद्धता।

४. **आशय पत्र छोटो सूचीका लागि (Short List) स्वीकृत भएको अवस्थामा आशय पत्र दर्तालेतपसिल बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछ।**

**४.१. वित्तीय क्षमता र सह-लगानीको प्रमाण:**

- बैंक खाताको विवरण (Bank Statement): उद्यमीसँग आफ्नो हिस्साको लगानी गर्न पर्याप्त मौज्दात (Balance) रहेको प्रमाणित गर्ने पछिल्लो ३ देखि ६ महिनाको बैंक स्टेटमेन्ट।
- बैंक स्वीकृति पत्र (Bank Credit Line/Loan Sanction Letter): यदि उद्यमीले सह-लगानीको रकम बैंक ऋणमार्फत व्यहोर्ने हो भने बैंकले ऋण लगानी गर्न दिएको पूर्व-स्वीकृति पत्र।
- कार्यसम्पादन जमानत (Performance Guarantee): प्रस्ताव छनोट पश्चात् नियमानुसार कार्यसम्पापदन जमानत पेश गर्नुपर्छ ।

**४.२. प्राविधिक तथा योजनागत कागजातहरू:**

- विस्तृत व्यवसाय योजना (Business Plan): कार्यक्रमअन्तर्गत गरिने कार्यको उद्देश्य, कुल लागत, बजार विश्लेषण, सह-लगानीबाट Producers Organizations (POs) हरूलाई दिने सेवाको विवरण र लगानीबाट प्रतिफल देखिने स्पष्ट योजना।
- सह-लगानी हुने क्षेत्र (मेसिनरी, भवन, प्रविधि आदि) को आवश्यकताअनुसार इन्जिनियरिङ लागत अनुमान।

**५. कार्यक्रम सञ्चालन हुने क्षेत्रहरू:**

- जाजरकोट, सल्यान र रुकुम (पश्चिम) जिल्लाका सबै स्थानीय तहहरू।

**६. सह-लगानी सीमा:**

- R-HVAP कार्यक्रमको जम्मा लागतको अधिकतम ५०% (प्रति उद्यमी बढीमा १,००,००० अमेरिकी डलर) सम्म सह-लगानी सीमा रहनेछ।

**थप जानकारीका लागि**

यस कार्यालयको सम्पर्क नम्बर ०८९-५९४९००/९८५८०६७३५६

वा

सूचना अधिकारीको नम्बर ९८५८०६७३५७ मा सम्पर्क गर्न सक्नुहुनेछ।

याम बहादुर राना